कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र शंख्या : ०७६/७७

च.नं :

प्रथम पटक प्रकाशित मिति : - २०७६/११/२८

## करारमा सेवा लिने सम्वन्धी सूचना ।

कुश्मा नगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थामा कामकाज गर्ने गरी २०७७ साल असार मसान्त सम्मको लागि तपशिल बमोजिमका पदहरु करार सेवाको माध्यमबाट पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र नगरपालिकाले तोकेको ढाँचामा दरखास्त फाराम भरी यस नगरपालिकाको प्रशासन शाखामा बुझाउनुहुन यो सुचना प्रकाशन गरिएको छ ।

| क्र.स. | पद/तह | सेवा/समूह | माग संख्या |
|---|---|---|---|
| १ | अ.न.मी./सहायक चौथो | स्वास्थ्य / प.हे.न. | ५ (पाँच) |

- आवश्यक न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण गरेको र नेपाल नर्सिङ्ग काउन्सीलमा दर्ता भएको हुनुपर्ने छ ।
- दरखास्त दस्तुर : रु ३०० (तीन सय)
- दरखास्त दिने अन्तिम मिति : २०७६/१२/१२ गते सम्म (यदि आवेदन दिने अन्तिम मितिमा सार्बजनिक विदा परेमा सो को भोलिपल्ट समेत दरखास्त फाराम बुझाउन सकिने छ) ।
- परीक्षाको किसिम : अन्तर्बार्ता (कुश्मा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७६, को दफा ४ मा भएको व्यवस्था बमोजिम प्रारम्भिक सूचीकरणमा परेका उम्मेदबारलाई मात्र अन्तर्बार्तामा समावेश गराइने छ)।
- उम्मेदवारको उमेर हद : दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।
- तलब : मासिक रु १४०००/- मात्र ।
- अन्तर्वार्ता हुने मिति : प्रारम्भिक सुचीकरणको नतिजा प्रकाशन गर्दा सुचना गरिनेछ ।
- पेश गर्नु पर्ने कागजातहरु : नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, सम्वन्धीत काउन्सीलमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, कार्य अनुभव भए सो को प्रमाणपत्रको प्रतिलिपि तथा अन्य कागजातहरु उम्मेदवार स्वंयमले प्रमाणित गरि पेश गर्नुपर्ने छ ।
- दरखास्त फाराम र कार्यविधि कार्यालयको Website www.kushmamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ साथै थप जानकारीको लागि कार्यालयको फोन नं. ०६७-४२०-१४१ मा सम्पर्क गर्न सकिनेछ ।

७६/११/२८

विष्णु प्रसाद तिबारी